नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #११६

२९ असोज २०७७

| २०७७ बैशाख १ देखि असोज २८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९५ | ६४ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २१३ | **४०२** | **१०१** | **४४७** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज २८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९३ | ६४ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ९४ | **३६७** | **१००** | **३२५** |
| **२०७७ असोज २८ देखि २९ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

# दैनिक विपद् बुलेटिन

२८ असोज विहान १०:०० बजेदेखि २९ असोज बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी आज **३** स्थानमा **आगलागी**का घटना घटेका छन् । यी घटनामा परी **५** जना **घाईते** भएका छन् । आगलागीबाट **१ लाख ६० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ३ | ५ | १,६०,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **३** वटा घट्ना भएको छ ।
- **कैलाली**को धनगढी उपमहानगरपालिका वडा नं ८ धनगढीगाउस्थित एक घरको भान्छामा ग्यास लिक भई **आगलागी** हुँदा भान्छा कोठा पुर्णरुपमा क्षति भई बर्ष ७० को **१ जना पुरुष** ,बर्ष ६५ कि **१ जना महिला** र बर्ष १५ कि **१ जना बालिका**लाई आगोले पोली **घाईते** ।
- **धनकुटा**को धनकुटा नगरपालिका वडा नं १ राणाटोलस्थित एक घरको कोठामा बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा **१ जनाको** दुबै हातमा आगोले पोली **घाईते**, कोठाभित्र रहेको, मोवाइल, अन्नपात, लत्ताकपडा र फर्निचरका सामानहरु समेत गरी **१ लाख ६० हजार रुपैंया** बराबरको क्षति ।
- **पाल्पा**को बग्नासकाली गाउँपालिका वडा नं ७ काजिपौवामास्थित एक घरमा पानी तताउने क्रममा ग्यास लिक भई **आगलागी** हुँदा **१ जनाको** शरिरको विभिन्न भाग जलि **घाईते** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागीमा परी घाईते भएकाहरुलाई नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, दमकल र स्थानीयको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

असोज-२९ (बिहीबार) (विहान ७ बजे देखि २४ घण्टा)

- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज देशैभरका स-साना नदीमा बहाब सामान्य हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइट:http://hydrology.gov.np/**

## वर्षाको सारांश

असोज २८ गते बिहान ०८:४५ बजे देखि असोज २९ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/२९ गते बिहान ०८:४५ बजे १९८ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालित: ७२ र स्वचालित: १२६) मा मापन गरिएको वर्षाको विवरण अनुसार कुनै पनि केन्द्रमा वर्षा भएको छैन (चित्र १)।




चित्र १: दैनिक वर्षा तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## आगामी तीन दिनको मौसम पूर्वानुमान

**दिउँसो :** प्रदेश १, बागमती प्रदेश र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा देशका अन्य भू-भागमा मौसम सामान्यतया सफा रहनेछ। प्रदेश १ , बागमती प्रदेश र गण्डकी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

**राती:** प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केहि भू-भागमा आंशिक बदली तथा देशका अन्य भू-भागमा मौसम सामान्यतया सफा रहनेछ। प्रदेश १ का एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

**असोज ३० गते (शुक्रबार)**

**दिउँसो :** प्रदेश १, बागमती प्रदेश र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली रहनेछ। देशका अन्य भू-भागमा मौसम सामान्यतया सफा रहनेछ। प्रदेश १ , बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ।

**राती:** प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा आंशिक देखि सामान्य बदली रहनेछ। देशका अन्य भू-भागमा आंशिक बदली रहनेछ। प्रदेश १ , बागमती प्रदेश र गण्डकी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

**कार्तिक ०१ गते (शनिबार)**

**दिउँसो :** प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा आंशिक देखि सामान्य बदली रहनेछ। देशका अन्य भू-भागमा आंशिक बदली रहनेछ। बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका पहाडी भू-भागका थोरै स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ।

**राती:** देशका पहाडी भू-भागहरूमा आंशिक देखि सामान्य बदली तथा देशका बाँकी भू-भागमा आंशिक बदली रहनेछ। गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानहरुमा मेघ-गर्जन सहित हल्का वर्षाको सम्भावना रहेको छ।

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind